नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या : ०७७/७८
चलानी नं.: ९६३

मिति :२०७७/०८/१६

विषय: अनुगमन फ्रेमवर्क सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं.१(यो) २०७७/७८ च.नं.३७७ मिति २०७७/०८/१४ को पत्र र स्वास्थ्य भौतिक पूर्वाधारहरुको विस्तृत प्राविधिक प्रतिवेदन तयारी तथा निर्माण कार्य सम्बन्धी अनुगमन फ्रेमवर्क संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोहि बमोजिम हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थ:

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
नीति तथा योजना शाखा

पत्र संख्याः १ (यो) २०७७।७८
च.नं. 360

रामशाहपथ, काठमाडौं,
नेपाल

मितिः२०७७।०८।१४

विषयः अनुगमन फ्रेमवर्क कार्यान्वयन सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाण्डौं ।

प्रस्तुत विषयमा चालु आ.ब.२०७७।७८ मा निर्माण प्रारम्भ गरिने आधारभूत अस्पताल (५/१०/१५ शैया) को निर्माणका लागि अनिवार्य अनुगमन गर्न यस मन्त्रालय (सचिवस्तर) मिति २०७७।०७।२० को निर्णयानुसार स्वीकृत "स्वास्थ्य भौतिक पूर्वाधारहरुको विस्तृत प्राविधिक प्रतिवेदन तयारी तथा निर्माण कार्य सम्बन्धी अनुगमन फ्रेमवर्क" कार्यान्वयका लागि तहाँ मन्त्रालयको website मा अपलोड गरि सम्बन्धित स्थानीय तहहरुलाई समन्वय/सहजीकरणका लागि अनुरोध छ ।

सूर्यबहादुर खड्का
तथ्यांक अधिकृत

Email:mohp.planning@gmail.com

स्वास्थ्य भौतिक पूर्वाधारहरुको विस्तृत प्राविधिक प्रतिवेदन
तयारी तथा निर्माण कार्य सम्बन्धी

# अनुगमन फ्रेमवर्क

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

२०७७

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## पृष्ठभूमी

स्वास्थ्य तथा जनसख्या मन्त्रालयबाट चालु आ.व २०७७/७८ मा संघीय सरकार, सम्बन्धित प्रदेश सरकार तथा स्थानीय पालिकाहरुबाट कार्यान्वयन हुने स्वास्थ्य पूर्वाधार सम्बन्धी भौतिक पूर्वाधारहरु क्रमश: आकास्मिक सेवा ब्लक (Emergency Block) , प्रादेशिक सरुवा रोग अस्पताल (Infectious dieseases Hospital) तथा ५, १० र १५ शैय्या का आधारभूत अस्पतालहरु (Basic Hospital) निर्माण गर्न योजना, कार्यक्रम तथा बजेटको व्यवस्थापन गरेको छ। सम्बन्धित तहको अस्पताल निर्माणको लागि सम्बन्धित सरकारलाई बजेट तथा अख्तियारी प्रदान भईसकेको र कार्यान्वयनको चरणमा रहेको छ ।

अत: चालु आ.व.मा निर्माण हुने विभिन्न प्रकारका स्वास्थ्य पूर्वाधारहरुको विस्तृत प्राविधिक प्रतिवेदन तयारी (डिजाईन तथा नक्सा निर्माण) र निर्माण कार्यान्वयन चरणमा अनुगमन गर्ने प्रयोजनार्थ यस अनुगमन फ्रेमवर्कको तयारी गरिएको छ। यस अनुगमन फ्रेमवर्क अन्तर्गत स्वास्थ्य पूर्वाधार निर्माणकोलागि जिम्मेवारी पाएका सबै कार्यान्वयन गर्ने निकायहरुले पालना गर्नुपर्ने छ ।

## अनुगमन फ्रेमवर्कको उद्देश्य

यस अनुगमन फ्रेमवर्कको उद्देश्य विशेषत राष्ट्रभरी निर्माण हुने विभिन्न प्रकार तथा तहका स्वास्थ्य पूर्वाधारहरु (अस्पतालहरु) स्वास्थ्य पूर्वाधार डिजाईन तथा निर्माण सम्बन्धी मापदण्डको पूर्णरुपमा पालना भई निर्माण समयावधि भित्रै निर्माण कार्य सम्पन्न गर्ने गराउने रहेको छ ।

## अनुगमन फ्रेमवर्कका चरणहरु

यस अनुगमन फ्रेमवर्कलाई दुईवटा चरणहरुमा कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ । प्रथम चरण स्वास्थ्य पूर्वाधारको डिजाईन तथा नक्सा तयारी (विस्तृत प्राविधिक प्रतिवेदन तयारी)को चरणमा योजना कार्यान्वयन निकायले पालना गर्नु पर्ने क्रियाकलापहरु तथा अनुगमन गर्ने कार्यार्थका क्रियाकलापहरु रहेका छन् । त्यसैगरी दोश्रो चरणमा स्वास्थ्य पूर्वाधारको निर्माण चरणको क्रममा योजना कार्यान्वयन निकायले गर्नु पर्ने क्रियाकलापहरु र सोहि क्रममा गरिने अनुगमनका क्रियाकलापहरु रहेका छन् ।

## स्वास्थ्य पूर्वाधारको डिजाईन तथा नक्सा तयारीको चरण

यस चरणमा स्वास्थ्य पूर्वाधारको डिजाईन तथा नक्सा तयारी अर्थात विस्तृत प्राविधिक प्रतिवेदन तयारी गर्दा पालना गर्नु पर्ने क्रियाकलापहरु तथा सोहि चरण अनुगमन गरिने क्रियाकलापहरु प्रस्ताव गरिएको छ ।

- स्वास्थ्य पूर्वाधारको निर्माण कार्य कार्यान्वयन गर्ने निकायले आफ्नो मातहतको स्वास्थ्य पूर्वाधार डिजाईन तथा लागत अनुमान तयार (विस्तृत प्राविधिक प्रतिवेदन तयारी) गर्न सार्वजनिक खरिद ऐन नियमको पालना गरी योजनाको लागत अनुमान अनुरुप भैपरी खर्च (Contingencies) बाट खर्च गर्ने गरी परामर्शदाता संस्थाको छनौट गर्नुपर्ने हुन्छ । कार्यान्वयन निकायमा प्राविधिक

जनशक्तीको उपलब्धता भएसम्म आफ्नै प्राविधिक जनशक्तिबाट समेत कार्यान्वयन गर्न गराउन सकिनेछ ।

- परामर्शदाता संस्था छनौट भए पश्चात् उक्त परामर्शदाता संस्थाले स्वास्थ्य पूर्वाधार निर्माण गरिने प्रस्तावित निर्माणस्थलको विस्तृत अध्ययन गर्नुपर्ने हुन्छ । परामर्शदाता संस्थाले अध्ययन गर्ने क्रियाकलापहरु परामर्शदाता संस्था छनौटको क्रममा तयार पारिएको कार्य शर्तहरु (Terms of Reference) को परिधि भित्र रही गर्नुपर्ने हुन्छ । प्रस्तावित निर्माण स्थलको विस्तृत अध्ययनको क्रममा सो स्थानको बहुप्रकोप जोखिमको विश्लेषण समेत गर्नु पर्ने छ ।
- परामर्शदाता संस्थाले विस्तृत अध्ययन पश्चात् प्रस्तावित अस्तपताल भवन पूर्वाधारको प्रारम्भिक आर्किटेक्चरल डिजाईन तथा नक्साको तयार गरी सम्बन्धित कार्यान्वयन निकायमा पेश गर्नुपर्ने छ । पेश भएको प्रस्तावित आर्किटेक्चरल डिजाईन तथा नक्सामा समिक्षा तथा पृष्ठपोषण **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ले गर्नेछ।**
- **स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको** राय सुझाव एवं पृष्ठपोषणको आधारमा सम्बन्धित परामर्शदाताले आर्किटेक्चरल डिजाईन तथा नक्साको अन्तिम स्वरुप प्रदान गरी अस्पताल भवनको स्ट्रक्चरल, स्यानीटरी, ईलेक्ट्रीकल तथा एच.भि.ए.सीको डिजाईन तथा नक्सा तयार गर्नुपर्ने हुन्छ । भवन निर्माणको डिजाईन तथा नक्सा तयारी गर्दा सम्बन्धित परामर्शदाताले राष्ट्रिय भवन संहिता (NNBC 105:2020 समेत) तथा स्वास्थ्य पूर्वाधार डिजाइन तथा निर्माण मापदण्ड २०७४ को पूर्ण रुपमा पालना गरी डिजाईन गर्नुपर्ने छ। परामर्शदाता संस्थाले अस्पताल भवनको प्रस्तावित डिजाईनको भवन नियमावली २०६६ ले व्यवस्था गरे बमोजिमको डिजाईन चेकलिष्ट (Design requirment and Checklist) समेत भरी प्रमाणित गर्नुपर्ने छ ।
- अस्पताल भवनको डिजाईन नक्सा तयारी पश्चात् सम्बन्धित परामर्शदाताले सोको लागत अनुमान, विल अफ क्वान्टिटिज (Bill of Quantities) तथा दर रेट विश्लेषण तयारी गर्नु पर्ने हुन्छ ।
- सम्बन्धित परामर्शदाताले अस्पताल भवनको डिजाईन तथा नक्सा, अध्ययन प्रतिवेदन तथा लागत अनुमान लगायतका दस्तावेज राखी विस्तृत प्राविधिक प्रतिवेदन समेत योजना कार्यान्वयन गर्ने निकायमा पेश गर्नुपर्ने छ ।
- पेश भएको विस्तृत प्राविधिक प्रतिवेदनलाई योजना कार्यान्वयन गर्ने निकायले नियमानुसार स्वीकृत तथा प्रमाणित गरी आवश्यक्ता अनुरुप बहुवर्षीय खरिद योजनाको स्वीकृती समेत गरी सार्वजनिक खरिद ऐन, नियम बमोजिम बोलपत्र दस्तावेज तयार गरी खरिद प्रक्रियाको प्रारम्भ गर्नुपर्ने हुन्छ ।

## स्वास्थ्य पूर्वाधारको निर्माण चरण

यस चरणमा स्वास्थ्य पूर्वाधार निर्माण कार्यान्वयन गर्ने निकायले निर्माण कार्य प्रारम्भ भए पश्चात् नियमित अनुगमन गरी गुणस्तरीय निर्माण कार्यको प्रत्याभूतिको सुनिश्चितता गर्नु पर्ने हुन्छ । स्वास्थ्य पूर्वाधार निर्माण कार्यको गुणस्तर नियन्त्रण गर्ने कार्यलाई सम्बन्धित कार्यान्वयन गर्ने निकायले नियमित

अनुगमनको व्यवस्था गर्नुपर्ने हुन्छ । यसका लागि तपसिल बमोजिमका क्रियाकलापहरु प्रस्ताव गरिएको छ ।

- स्वास्थ्य पूर्वाधारको निर्माण कार्यको गुणस्तर नियन्त्रणको लागि कार्यान्वयन गर्ने निकायले प्राविधिक जनशक्तिको छनौट गरी निर्माण साईटमा परिचालन गर्नुपर्ने हुन्छ । यदि निर्माण कार्यान्वयन गर्ने निकायसँग प्राविधिक जनशक्ति उपलब्ध भएसम्म आफ्नो प्राविधिक जनशक्तिको परिचालन गरी निर्माण कार्यको गुणस्तरको सुनिश्चितता गर्नु पर्ने तथा प्राविधिक जनशक्ति उपलब्ध नभएमा निर्माण लागतको भैपरी खर्चबाट आवश्यक पर्ने बजेटको व्यवस्थापन गरी प्राविधिक जनशक्तीको परिचालन गर्नु पर्ने छ ।
- अनुगमन समितिले निर्माण अवधिमा कम्तिमा दुई पटक निर्माण कार्यको अनुगमन गरी अनुसूची २ मा उल्लेखित ढाचाँमा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

## प्रतिवेदन तयारी

- निर्माण कार्यान्वयन गर्ने निकायले निर्माण कार्यको प्रगति प्रतिवेदन चौमासिक रुपमा अनुसुची १ मा उल्लेखित ढाँचा अनुसार तयारी गरि स्वास्थ्य तथा जनसख्या मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

अनुसुचि १ योजना कार्यान्वयन प्रगति प्रतिवेदन

**योजनाको नाम: पालिका: जिल्ला:**

आ.व........................., चौमासिक .......................

रकम रु हजारमा

| क्र.स | कार्य विवरण | जिल्ला | बजेट शिर्षक न | खर्च शिर्षक | ठेक्का सम्झौता | ठेक्का सम्झौता मिति | ठेक्का सम्झौता सम्पन्न मिति | निर्माण व्यवसायीको नाम | अख्तियारी रकम | लागत अनुमान | सम्झौता रकम | हालसम्मको विल रकम | हालसम्म भूक्तानी गरिएको रकम | खर्च प्रगति प्रतिशत | भौतिक प्रगति विवरण | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

अनुसूची - २

# स्वास्थ्य भवन निर्माण कार्यको अनुगमन चेकलिष्ट फाराम

**स्वास्थ्य संस्थाको नाम :**

| जिल्ला : | गा.पा / न.पा. र वडा न.: | गाउँ / टोलको नाम: |
|---|---|---|

## १ निर्माण प्रगति

कार्ययोजना अनुसार हुनु पर्ने काम:

निर्माणस्थलमा देखिएका कामको विवरण: ......................................................................

सम्झौताको मिति: ............................................

सम्झौताको अन्तिम मिति: ............................................

म्याद थप भएको भए कति पटक ? ............................................

| मिति देखि | मिति सम्म | म्याद थपका कारण |
|---|---|---|
| | | |
| | | |
| | | |

## २ निर्माण गुणस्तर

**फिनिसिङ्को अवस्था:** राम्रो [ ] सन्तोषजनक [ ] नराम्रो [ ]

**भुइँ:** राम्रो [ ] सन्तोषजनक [ ] नराम्रो [ ]

धारा तथा ट्वायलेट सम्बन्धी अन्य जडानः राम्रो [ ] सन्तोषजनक [ ] नराम्रो [ ]

विद्युत सम्बन्धी जडानः राम्रो [ ] सन्तोषजनक [ ] नराम्रो [ ]

अन्य देखिएका विवरण

...........................................................................................................

के भित्ता, छाना, शौचालय आदि बाट पानी चुहिएको छ ? छ [ ] छैन [ ] ..........

के भवनमा Crack हरु देखिएको छ ? छ [ ] छैन [ ] ...........................................................................

के झ्याल ढोकाको फ्रेम, शौचालयको प्यान, बेसिन आदिमा पोखिएका रँगका दागहरु सफा गरिएको छ ?

छ [ ] छैन [ ] पूरा छैन [ ]

के निर्माण सामग्री गुणस्तर परीक्षणका प्रतिवेदनहरु उपलब्ध छन् ? छ [ ] छैन [ ]

के निर्माण सामग्री गुणस्तर परीक्षणका प्रतिवेदनहरुले ती सामग्रीहरु पास भएका छन् ? छ [ ] छैन [ ]

छैन भने कस्तो समस्या छ ? ...........................................................................

के निर्माणस्थलमा डिजाइन नक्सा, मूल्य अंकित परिमाण सुची ९द्ययत्त० तथा स्पेसिफिकेशन राखिएको छ ?

[ ] छैन [ ] पूरा छैन [ ]

साइट प्लान/मास्टर प्लान तयार गरिएको छ ? छ [ ] छैन [ ]

.....................................................

प्राविधिक सुपरभिजन गने तोकिएको ब्यक्ति........................................................................................

प्राविधिक सुपरभिजनको लागि जिम्मेवार निकाय/संस्था........................................................................................

| ३ | सरोकारवाला सँग समन्वय |
|---|---|

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

के सरोकारवालाहरु सँग निरन्तर बैठक बस्ने गरेको छ ? छ [ ] छैन [ ]

कति पटक ? ..................... (निर्णय पुस्तिकाको आधारमा उल्लेख गर्ने)

छलफल तथा निर्णय गरेका विषयहरु

| | | | | | |
|---|---|---|---|---|---|
| जग्गा छनौट सम्वन्धी | [ ] | निर्माण सामग्री र प्रविधि सम्वन्धी | [ ] | डिजाइन सम्वन्धी | [ ] |
| प्रगति समीक्षा | [ ] | भेरिएशन सम्वन्धी | [ ] | कार्य सम्पन्न सम्वन्धी | [ ] |
| भवन हस्तान्तरण | [ ] | अन्य............................................. | | | |

४ समावेश गरिनु पर्ने महत्वपूर्ण सामग्रीहरु

के सोलार ब्याक अप र सोलार वाटर हिटर जडान भएको छ ? छ [ ] छैन [ ]

के ट्रान्सफर्मर जडान भएको छ ? छ [ ] छैन [ ]

बिद्युत जडानको प्रकार: [ ] सिङ्गल फेज [ ] थ्री फेज: क्षमता ....................... एम्पियर

## अन्य केही सुझाव तथा टिप्पणी

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं